# सधैं गुमाउने नेपाली नियति

**- युवराज संग्रौला**

इटली र फ्रान्सको घमासान फुटबल खेलमा इटलीले जित्यो। अवसर र साधन प्राप्त नेपालीहरूले पनि खेल हेरे। कसैले जितमा खुसी मनाए, कसैले हारमा दुःख। जेसुकै भए पनि नेपालीहरूमा विश्वकप प्रति निकै जागरुकता र सक्रियता देखियो। ठमेलमा त इटली र फ्रान्सका झण्डाका रंग पोतेका ठिटाहरूको जमात पनि निकै थियो रे। यहाँ फुटवलप्रतिको चाख र सक्रियताको विरोध गरेको भने होइन, केबल एउटा सन्दर्भलाई जोड्न खोजेको मात्र हो। सन् १९८० मा बोलिभियाका एकजना राम्रा फुटबल खेलाडीको द्वन्द्वमा मृत्यु भएछ। अनि आफू मर्नुभन्दा पहिला उनले भनेछन्, यदि बोलिभियाका जनताको सरोकार र चासो फुटवलमा जस्तै शान्तिमा पनि भइदिएको भए हजारौं नागरिकले जीवन जाने थिएन।

सन्दर्भ के हो भने रातरातभर जागेर फुटवल हेर्ने, हारजितका कारणहरूको सटीक विश्लेषण गर्ने, फुटवलमा टिम र खेलाडीले गरेका गल्ती केलाउन सक्ने र आफ्नो टिमले हार्दा पढ्न र पढाउन पनि नआउने गरी चिन्तित हुन सक्ने नेपालीहरू आफ्नो देशको राजनीति, सामाजिक, आर्थिक समस्या र लोकतन्त्रका पक्षमा किन सधैं जाग्दैन ? नेपालमा राजनीतिको खेल ध्वंसात्मक मात्रै होइन कुटिल, षड्यन्त्रकारी र गणेश प्रवृत्तिको भइरहँदा किन समाज फुटबलमा जस्तै यस्ता विकृतिका विरुद्ध पनि सचेत हुन सकिरहेको छैन ? तल उल्लेखित थुप्रै राजनीतिक खेलका पक्षलाई विश्लेषण गर्ने जमर्को गर्न सकियो भने, सायद फुटबलको चाख र त्यसलाई जाँच्ने पारखले सकारात्मक असर पार्ने छ।

जनआन्दोलन सुरु हुनुभन्दा पहिला राजनीतिक दलहरूप्रति जनताका गुनासा थिए। उनीहरू माथि अविश्वास पनि थियो। दलहरूलाई जनताले पत्याएन र त्यही क्रममा थुप्रै कांग्रेस र वामपन्थीहरू राजाको नेतृत्वमा पनि गए। उनीहरूले पनि दलको अर्कमण्यता देखाए। ती दलमा आफू मात्रै ठीक र अरु सबै गलत भन्ने उनीहरूका भाषण चर्का स्वरमा आउँथे। आफ्नो अस्तित्वको प्रश्न उठ्न थालेपछि दलहरूले आफूबाट भूल भएको र अब गल्ति नदोहोर्‍याउने, जनताका सेवा गर्ने विग्रेका नेतालाई कारबाही गर्ने, गुटबन्दी नगर्ने कार्यकर्तालाई कसैलाई काखा र पाखा नगर्ने धेरै कसमहरू खाए। अन्ततः जनताको आम सहभागिताबाट सफल जनआन्दोलनपछि एकपटक पूर्ण विश्वास सहित दलहरूलाई जनताले सत्तामा पुर्‍याइदिए। तर, त्यसो भएको छोटो समयमा नै दलहरूमा ती सबै प्रकृतिहरू दोहोरिन थालिसकेका छन् जो राजाको सत्ता आगमन पूर्व उनीहरूले देखाएका थिए। सारमा भन्दा द्वन्द्वको रूपान्तरण र संविधानसभाका प्रक्रियाहरू दिग्भ्रमित हुन र विटुलिन सक्ने खतराहरू बढिरहेका छन्। पहिलाजस्तै अहिले मन्त्रालयहरू पार्टीका कार्यकर्ताका नियुक्तिका समस्याहरूमा जेलिएका छन्। मन्त्रीहरूले नियुक्तिका तोक आदेशमा सीमित हुनुपर्ने अवस्था आइसकेको छ। दलहरू सरकारको आलोचना गरिरहेका छन् तर उनीहरूका थुप्रै नेता कार्यकता भने सरकारमा पठाएका मन्त्रीहरूका वरिपरि विताइरहेका छन्। पार्टीका जिम्मेवार नेताहरू धेरैजसो समय मन्त्रालयमा बिताउन थालिसकेका छन्। मन्त्रालयका गाडीहरू पार्टीका नेता कार्यकर्तालाई उपलब्ध हुन थालिसकेका छन्। विगत २ महिनामा दलहरूले गर्नुपर्ने थुप्रै महत्वपूर्ण कामहरू थिए जो हुन सकेनन् र जनतामा डरलाग्दो विरक्तिको लहर सुरु भएको छ।

सबैभन्दा महत्वपूर्ण कुरा त राजनीतिक दलहरूले विगतको आन्दोलन र त्यसले नेपाली राजनीतिमा ल्याएको परिवर्तनका बारेमा विस्तृत विश्लेषण गर्नुपर्ने थियो। दुर्भाग्यबस कुनै पनि राजनीतिक दलले त्यसो गरेनन्। त्यो आन्दोलनले नेपालको राजनीतिक विकासको दिशा कतातर्फ मोडेको छ भन्ने कुराको बारेमा छलफल सम्म गरेका छैनन्। त्यसलाई हेर्दा लाग्छ उनीहरूमा परिवर्तनको चाहना छैन र जनआन्दोलनले स्थापित गरेका मूल्यका बारेमा उनीहरू सचेत छैनन्। २०४७ को संविधान र संविधानले स्थापना गरेका मान्यता विरुद्ध र वहुदलीय व्यवस्था कै विरुद्धमा लागि क्रियाशील रहेका व्यक्तिहरूलाई कारबाहीसम्म गरिएन। जनता, दल र बहुदलीय व्यवस्थाको विरुद्धमा गाली गलौज, धम्की र अपशब्द बोल्ने बद्रीप्रसाद मण्डलजस्ता व्यक्ति संसदमा जनताका प्रतिनिधिका रूपमा उपस्थित भएर सपथ लिंदा आन्दोलनकारी पार्टीका नेताहरू पनि त्यही सदनमा थिए र बद्रीप्रसाद मण्डलसँगसँगै आवाज मिलाएर सपथ लिइरहेका थिए। जनद्रोह र राष्ट्रद्रोहमा

संलग्न व्यक्तिसँग सहकार्य गर्न दलहरूलाई लाज लागेन, स्वयं गरिमाको ताज ओडेको प्रतिनिधिसभाले पनि उनका विरुद्ध कारबाही गर्नुपर्ने कुरा सोच्न सकेन। महाअभियोगमा मानवअधिकार आयोग र निर्वाचन आयोगका प्रमुखहरूलाई महाअभियोगमा तान्ने वुद्धि आउँदा बद्रीप्रसाद मण्डलका बारेमा चैं सोच्न पनि आवश्यक देखिएन। यस्तो हुनुको कारण राजनीतिक दलहरू जनआन्दोलनप्रति अस्पष्ट रहनु नै हो। जनताले महान परिवर्तनका लागि आन्दोलन गरे, दलहरूले यसलाई सत्ताप्राप्तिको साधन मात्र देखे। अब आम नागरिकले दलहरूलाई जनआन्दोलनप्रतिको दृष्टिकोण के हो भनेर सोध्ने बेला आएको छ, यदि हामी राष्ट्र र राजनीतिप्रति फुटबलमा जस्तै सचेत छौं भने।

पार्टीभित्रको आन्तरिक प्रजातन्त्र अर्को महत्वपूर्ण पक्ष थियो। तर यस पक्षलाई त दलहरूले सोच्नसम्म आवश्यक देखेनन्। उनीहरूका कमिटि गठन र उनीहरूका कार्यशैलीहरूमा परिवर्तन आएनन्। नेता मालिक कार्यकर्ता नोकर र कार्यकर्ता मालिक र जनता नोकरको अवधारणा जस्ताको तस्तै रह्यो। एउटै पार्टीका ४ नेताले एउटै विषयमा ४ कुरा बोल्ने भाँडभैले संस्कृति यथावतै रह्यो। पार्टीलाई लैनो गाई बनाएका भारदार मार्काका कार्यकर्ताहरूबाट घेरिने र उनीहरूकै उक्साहट, छलकपट र घुर्किबाट चलायमान हुने संस्कृति पनि बन्द भएन। शहरी जीवन र संस्कृतिको प्रभाव र गाउँ र जिल्लाको वेवास्ता पनि संस्कृतिकै रूपमा यथावत् रह्यो। अनि संविधानसभाको निर्वाचन गर्ने घोषणा भएको ३ महिना वित्दा पनि दलहरूले आफ्ना कार्यकर्ता र आम जनतालाई संविधान सभा के हो भनेर बताउन चाहेनन्। राजनीतिक दलहरूमा विशाल ऐतिकासिक आन्दोलनले सोचेको नेपालको नक्साप्रति चासो नै रहेन। बरु अहिले आन्दोलन कसले गरेको हो भनेर जस लिने होडबाजी चलेको छ।

जनआन्दोलनले नेपालको परराष्ट्र नीतिलाई मूल्यांकन गर्नुपर्ने वाध्यताको सिर्जना गरेको छ। तर, आन्दोलन पछि वर्तमान लोकतन्त्र नेपालको जनताले होइन भारतले गरिदिएको आन्दोलनबाट आएको हो की भन्ने तबरले दलहरू प्रस्तुत भए। भारतसँग सहयोगको आशा गर्नु अन्यथा थिएन, तर नेपालले भारतलाई विश्वासमा लिएजसरी नै अरुलाई पनि विश्वासमा लिएर सहयोगको अपेक्षा राख्दै नेपालको विदेश नीतिमा नयाँ आयाम दिन सक्नुपर्ने थियो। तर जनआन्दोलन पछि नेपालको अन्तर्राष्ट्रिय समुदायसँगको सहयात्राको बारेमा राजनीतिक दलहरूले सोच्न सम्म आवश्यक ठानेन्। आज जनताले सोच्ने बेला आएको छ नेपालको विदेश नीति के हो ? विदेशको भ्रमण गर्नु मात्रै चै विदेश नीति पक्कै होइन। आन्दोलन पछि नेपालको चीन, अमेरिका, बेलायत आदि देशसँग कस्तो सम्बन्ध रहेको छ ? यस बारेमा गम्भीर विश्लेषण गर्नु आवश्यक छ।

श्री ५ को सरकारलाई 'नेपाल सरकार' र शाही सेनालाई 'नेपाल सेना' नाम दिएपछि संक्रमण समाप्त भएको महसुस पार्टीहरू गर्दैछन्। तर जनआन्दोलनले संक्रमणलाई समावेशीकरण प्रक्रियाबाट पुरा गर्ने जनादेश दिएको थियो। तर, समावेशीकरण त केबल नारामा मात्रै सीमित रह्यो। भरखरै घोषणा भएको सरकारको कार्यक्रमले पनि त्यसलाई सम्बोधन गरेन। राजनीतिक दलहरूले समावेशीकरणको परिभाषा गर्न समेत आवश्यकता देखेनन्। परिणामस्वरूप आम जनताले देखेको समग्रीकृत राष्ट्रको सपना घूमिल हुन थालेको छ र प्रतिगमनकारीहरू खुल्ला छाति देखाएर हिड्न थालेका छन्। उनीहरूका संगठन निर्माण हुन थालेका छन्। आन्दोलनमा घरमा बसेर टी.भी. हेर्ने पार्टीका नेता पनि सत्तामा समान अंशको माग राख्न थालेका छन्। आयोगमा वयान दिएर फर्किनेहरू दमन र ज्यान मार्ने कार्य सिपाहीका टाउकामा हाल्दै आयोगका गेटमा बसेका प्रहरीहरूको सलुट खाँदै फर्कदैछन्। लाग्छ उनीहरूमाथिको सजायँ भनेको पत्रकारले दौडँदै प्रश्न सोध्नुमा सीमित रहेको छ।

आन्दोलन अगाडि थुप्रैले राजाको प्रतिगमनको निर्णय ऐतिहासिक भएको भन्दै गोरखापत्र र कान्तिपुरमा वक्तव्य छपाएका थिए। एफ.एम. रेडियोमा अन्तरवार्ता पनि दिएका थिए। आन्दोलनका केही दिन अगाडि मात्रै दौरा सुरुवाल लगाएर राजाबाटै गोरखा दक्षिणबाहु पनि लिएका थिए। तिनीहरू आज नियुक्तिका लाइनमा छन् सरकार यस्तै विकृतिबाट घेरिदैछ, अनि पार्टीभित्र मन्त्रीका गुट र मन्त्रीविरुद्धका गुटहरू निर्माण हुँदैछन्।

फुटबलप्रति चनाखो तर राज्यका महत्वपूर्ण कुराहरूप्रति उदासीन भएको नेपाल आजको वास्तविकता भएको छ। अब यी प्रवृत्तिप्रति विश्लेषण हुनुपर्दछ होला।

(कान्तिपुर दैनिकमा 'सधैं गुमाउने नेपाली नियति' शीर्षकमा प्रकाशित, मिति २०६३-३-२९)